केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/१/०७४/७५

मितिः २०७४/०४/१९

## सूचना

**"क", "ख", "ग" र "घ" वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा भएका कानूनी प्रावधानहरु अनुरुप बैंक वा वित्तीय संस्थाको सञ्चालक, स्वतन्त्र सञ्चालक तथा कार्यकारी प्रमुखको पदमा नियुक्त हुने व्यक्तिको योग्यता तथा कार्य अनुभव तोक्ने प्रयोजनका लागि यसै साथ संलग्न बमोजिमको **"बैंक वा वित्तीय संस्थाका सञ्चालक र कार्यकारी प्रमुखको नियुक्तिका लागि आवश्यक योग्यता तथा कार्य अनुभव सम्बन्धी विनियमावली, २०७४"** लागू गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

भवदीय,

(नारायण प्रसाद पौडेल)
कार्यकारी निर्देशक

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

### बैंक वा वित्तीय संस्थाका सञ्चालक र कार्यकारी प्रमुखको नियुक्तिका लागि आवश्यक योग्यता तथा कार्य अनुभव सम्बन्धी विनियमावली, २०७४

बैंक वा वित्तीय संस्थाको सञ्चालक तथा कार्यकारी प्रमुखमा नियुक्त हुने व्यक्तिको योग्यता तथा कार्य अनुभव सम्बन्धमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १६, १७ र २९ बमोजिम नेपाल राष्ट्र बैंकबाट तोकिनु पर्ने बिषयहरु यस बैंकले तोक्न र केही व्यवस्थाहरुलाई थप स्पष्ट गर्न जरुरी भएकोले सो बमोजिम तोकी तथा स्पष्ट गरी र ऐनमा स्पष्ट उल्लेख भएका योग्यता तथा कार्य अनुभव सम्बन्धी अन्य व्यवस्थाहरुलाई समेत समेटी सोही ऐनको दफा १३२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंकको सञ्चालक समितिले यी विनियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी विनियमहरुको नाम "बैंक वा वित्तीय संस्थाका सञ्चालक र कार्यकारी प्रमुखको नियुक्तीका लागि आवश्यक योग्यता तथा कार्य अनुभव सम्बन्धी विनियमावली, २०७४" रहेको छ ।

(२) यी विनियमहरु नेपाल राष्ट्र बैंकको सञ्चालक समितिले स्वीकृत गरेको मितिदेखि[ज] लागु हुनेछ ।

२. **परिभाषा :** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीमा :-

(क) "ऐन" भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ सम्झनु पर्छ ।

(ख) "इजाजतपत्रप्राप्त संस्था" भन्नाले ऐनको दफा ३४ बमोजिम बैंकिङ्ग एवम् वित्तीय कारोबार सञ्चालन गर्न राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त गरेको संस्था सम्झनु पर्छ ।

(ग) "कार्यकारी प्रमुख" भन्नाले बैंक वा वित्तीय संस्था सञ्चालनको जिम्मेवारी पाएको प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ र सो शब्दले बैंक वा वित्तीय संस्थाको कार्यकारी प्रमुखको रुपमा काम गर्ने कार्यकारी अध्यक्ष र प्रबन्ध सञ्चालक समेतलाई जनाउँछ ।

(घ) "पदाधिकारी" भन्नाले कुनै संगठित संस्थाको सञ्चालक, कार्यकारी प्रमुख, कम्पनी सचिव र कुनै बिषयमा निर्णय गर्ने अख्तियारी प्राप्त अधिकृतस्तरको कर्मचारी सम्झनु पर्छ ।

(ङ) "बैंक" भन्नाले ऐनको दफा ४९ को उपदफा (१) बमोजिमको बैंकिङ्ग तथा वित्तीय कारोबार सञ्चालन गर्न ऐनको दफा ३४ बमोजिम राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त गरेको वाणिज्य बैंक सम्झनु पर्छ ।

(च) "विकास बैंक" भन्नाले ऐनको दफा ४९ को उपदफा (२) बमोजिमको बैंकिङ्ग तथा वित्तीय कारोबार गर्न राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "ख" वर्गको संस्था सम्झनु पर्छ ।

---

[ज] नेपाल राष्ट्र बैंकको सञ्चालक समितिको मिति २०७४/०४/१६ को २५/२०७४ औ बैठकबाट स्वीकृत भई लागु भएको ।

(छ) "वित्त कम्पनी" भन्नाले ऐनको दफा ४९ को उपदफा (३) बमोजिमको बैंकिङ्ग तथा वित्तीय कारोबार गर्न राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "ग" वर्गको संस्था सम्झनु पर्छ ।

(ज) "वित्तीय संस्था" भन्नाले विकास बैंक, वित्त कम्पनी र लघुवित्त वित्तीय संस्थालाई सम्झनु पर्छ ।

(झ) "लघुवित्त वित्तीय संस्था" भन्नाले ऐनको दफा ४९ को उपदफा (४) बमोजिमको बैंकिङ्ग तथा वित्तीय कारोबार गर्न राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गको संस्था सम्झनु पर्छ ।

(ञ) "राष्ट्र बैंक" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।

(ट) "समिति" भन्नाले नेपाल राष्ट्र बैंकको सञ्चालक समिति सम्झनु पर्छ ।

(ठ) "सम्बन्धित क्षेत्रको संगठित संस्था" भन्नाले राष्ट्र बैक वा राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था वा नेपाल सरकारको स्वामित्व प्राप्त कर्मचारी सञ्चयकोष वा नागरिक लगानी कोष वा कर्जा तथा निक्षेप सुरक्षण कोष वा बीमा समिति वा बीमा समितिबाट इजाजतपत्रप्राप्त बीमा कम्पनीहरु वा नेपाल धितोपत्र बोर्ड वा नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्रप्राप्त मर्चेन्ट बैंकर्स वा धितोपत्र विनिमय बजार (स्टक एक्सचेन्ज) वा धितोपत्र राफसाफ सम्बन्धी कम्पनीलाई सम्झनु पर्छ ।

३. **सञ्चालकको योग्यता तथा कार्य अनुभव** : बैंक वा वित्तीय संस्थाको सञ्चालकको पदमा नियुक्त हुन देहाय बमोजिमको योग्यता तथा कार्य अनुभव हासिल गरेको हुनु पर्नेछ :-

(क) वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीको सञ्चालकमा नियुक्त हुन देहाय बमोजिमको शैक्षिक योग्यता तथा कार्य अनुभव आवश्यक हुनेछ :-

(अ) विदेशी वा स्वदेशी बैंक वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रका संगठित संस्थाको सञ्चालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको कम्तीमा अधिकृत स्तरमा कम्तीमा पाँच बर्ष काम गरेको, वा

(आ) स्नातक उपाधि हासिल गरेको र विदेशी वा स्वदेशी बैंक वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रका संगठित संस्थाको सञ्चालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको कम्तीमा अधिकृत स्तरमा कम्तीमा तीन बर्ष काम गरेको, वा

(इ) व्यवस्थापन, बैंकिङ्ग, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्याङ्कशास्त्र, गणितशास्त्र, व्यापार प्रशासन, जनप्रशासन वा कानून बिषयमा स्नातकोत्तर उपाधि हासिल गरेको ।

(ख) लघुवित्त वित्तीय संस्थाको सञ्चालकमा नियुक्त हुन देहाय बमोजिमको शैक्षिक योग्यता तथा कार्य अनुभव आवश्यक हुनेछ :-

(अ) विदेशी वा स्वदेशी बैंक वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रका संगठित संस्थाको सञ्चालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको कम्तीमा

अधिकृत स्तरमा कम्तीमा तीन बर्ष काम गरेको, वा

(आ) दश जोड दुई वा प्रविणता प्रमाणपत्र तह वा माध्यमिक तह (कक्षा १२ सम्म) उत्तीर्ण गरेको र विदेशी वा स्वदेशी बैंक वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रका संगठित संस्थाको सञ्चालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको कम्तीमा अधिकृत स्तरमा कम्तीमा दुई बर्ष काम गरेको, वा

(इ) व्यवस्थापन, बैंकिङ्ग, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्याङ्कशास्त्र, गणितशास्त्र, व्यापार प्रशासन, जनप्रशासन वा कानून बिषयमा स्नातक उपाधि हासिल गरेको ।

४. **इजाजतपत्रप्राप्त संस्थाको स्वतन्त्र सञ्चालकको योग्यता तथा कार्य अनुभवः** बैंक वा वित्तीय संस्थाको स्वतन्त्र सञ्चालकको पदमा नियुक्त हुन देहाय बमोजिमको योग्यता तथा कार्य अनुभव हासिल गरेको हुनु पर्नेछ :-

(क) वाणिज्य बैंक र राष्ट्रियस्तरको विकास बैंकको हकमा व्यवस्थापन, बैंकिङ्ग, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्याङ्कशास्त्र, गणितशास्त्र, व्यापार प्रशासन, जनप्रशासन वा कानून बिषयमा स्नातकोत्तर उपाधि हासिल गरी कुनै विदेशी वा स्वदेशी बैंक वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रका संगठित संस्थाको सञ्चालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको कम्तीमा प्रथम श्रेणी वा सोभन्दा माथिको पदमा कम्तीमा तीन बर्षको कार्य अनुभव हासिल गरेको ।

(ख) राष्ट्रियस्तरको विकास बैंक बाहेकका अन्य विकास बैंक एवं वित्त कम्पनीको हकमा व्यवस्थापन, बैंकिङ्ग, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्याङ्कशास्त्र, गणितशास्त्र, व्यापार प्रशासन, जनप्रशासन वा कानून बिषयमा स्नातक उपाधि हासिल गरी कुनै विदेशी बैंक वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रका संगठित संस्थाको सञ्चालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको कम्तीमा द्वितीय श्रेणीको अधिकृत वा सोभन्दा माथिको पदमा कम्तीमा तीन बर्षको कार्य अनुभव हासिल गरेको ।

(ग) लघुवित्त वित्तीय संस्थाको हकमा व्यवस्थापन, बैंकिङ्ग, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्याङ्कशास्त्र, गणितशास्त्र, व्यापार प्रशासन, जनप्रशासन वा कानून बिषयमा स्नातक उपाधि हासिल गरी कुनै विदेशी बैंक वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रका संगठित संस्थाको सञ्चालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको कम्तीमा अधिकृत वा सो भन्दा माथिको पदमा कम्तीमा दुई बर्षको कार्य अनुभव हासिल गरेको ।

५. **कार्यकारी प्रमुखको योग्यता तथा कार्य अनुभवः** बैंक वा वित्तीय संस्थाको कार्यकारी प्रमुखको पदमा नियुक्त हुन देहाय बमोजिमको योग्यता तथा कार्य अनुभव हासिल गरेको हुनु पर्नेछ :-

(क) वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीको हकमा :-

(अ) व्यवस्थापन, बैंकिङ्ग, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्याङ्कशास्त्र, गणितशास्त्र, व्यापार प्रशासन वा कानून बिषयमा स्नातकोत्तर उपाधि हासिल गरेको,

(आ) चार्टर्ड एकाउण्टेन्सी वा व्यवस्थापन, बैंकिङ्ग, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्याङ्कशास्त्र, गणितशास्त्र, व्यापार प्रशासन वा कानून बिषयमा स्नातक उपाधि हासिल गरी बैंकिङ्ग तथा वित्तीय क्षेत्र, सरकारी निकाय, संगठित संस्था, विश्वविद्यालय वा त्यस्तो कार्य गर्ने अन्तर्राष्ट्रिय संघ वा संस्थाको अधिकृत तह वा सो भन्दा माथिको पदमा कम्तीमा दश बर्षको कार्य अनुभव हासिल गरेको ।

(ख) लघुवित्त वित्तीय संस्थाको हकमा :-

(अ) चार्टर्ड एकाउण्टेन्सी वा व्यवस्थापन, बैंकिङ्ग, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्याङ्कशास्त्र, गणितशास्त्र, व्यापार प्रशासन, जनप्रशासन वा कानून बिषयमा स्नातक उपाधि हासिल गरी बैंकिङ्ग तथा वित्तीय क्षेत्र, सरकारी निकाय, संगठित संस्था, विश्वविद्यालय वा त्यस्तो कार्य गर्ने अन्तर्राष्ट्रिय संघ वा संस्थाको अधिकृत तह वा सो भन्दा माथिको पदमा कम्तीमा तीन बर्षको कार्य अनुभव हासिल गरेको ।

६. **जानकारी गर्नु पर्ने** : बैंक वा वित्तीय संस्थाले यस विनियमावली बमोजिम सञ्चालक तथा कार्यकारी प्रमुख नियुक्त गरेको मितिले ७ दिनभित्र बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभाग समक्ष जानकारी गर्नु पर्नेछ ।

७. **विनियमावलीको व्याख्या तथा संशोधन** : (१) यस विनियमावलीमा भएका विनियमहरुको कार्यान्वयनको क्रममा कुनै द्विविधा उत्पन्न भई थप व्याख्या गर्नु परेमा समितिले गर्नेछ ।

(२) यस विनियमावलीमा कुनै संशोधन गर्नु परेमा समितिले संशोधन गर्नेछ ।

८. **बाधा अडकाउ फुकाऊ** : यस विनियमावली बमोजिम कार्य सम्पादन गर्दा कुनै बाधा अडकाउ परेमा त्यस्तो बाधा अडकाउ फुकाउने अधिकार समितिलाई हुनेछ ।

९. **बाझिएमा निष्क्रिय हुने:** यस विनियमावलीमा भएका व्यवस्थाहरु नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र सो अन्तर्गत बनेका नियमहरुसँग बाझिएमा बाझिएको हदसम्म स्वत: निष्क्रिय हुनेछ ।

१०. **खारेजी र वचाऊ** : (१) यस बैंकबाट साविक बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम प्रकाशन गरिएको व्यवसायिक विशेषज्ञहरुको सूची स्वत: खारेज हुनेछ ।

(२) उपविनियम (१) बमोजिम व्यवसायिक विशेषज्ञको सूची खारेज हुनु अघि त्यस्तो सूचीमा समावेश कुनै व्यक्तिलाई कुनै बैंक वा वित्तीय संस्थाले विशेषज्ञ सञ्चालकको रुपमा नियुक्त गरेको भएमा निजलाई आफ्नो बाँकी कार्यकाल पुरा गर्न बाधा पर्ने छैन ।

*******